**संयुक्त राष्ट्रसङ्घीय**
**मानवअधिकार उच्चायुक्तको**
**कार्यालय, नेपाल**

**प्रेस विज्ञप्ति – २०६४ फागुन ५**

---

## मैना सुनुवारलाई मार्नेहरूलाई अभियोजन गर्नमा हुने विफलताले दण्डहीनताको वातावरणलाई कायम राख्दछ – संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्त

जेनेभा– संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्तले नेपालमा दण्डहीनताविरुद्ध लड्न थप प्रयास गर्न आह्वान गर्दै १५–वर्षीया मैना सुनुवारलाई हत्या गरिएको चौथो वार्षिकीको आज स्मरण गर्नुभयो।

मैना सुनुवारलाई नेपाली सेनाको हिरासतमा रहेका बेला २०६० फागुनमा यातना दिएर मारिएको थियो। यो घटना एक दशक लामो द्वन्द्वका क्रममा दुवै पक्षद्वारा बेपत्ता पारिएका सयौं अन्य नेपालीहरूको स्थितिको प्रतीक भएर रहेको छ।

"यस तथा कैयौं अन्य घटनाहरूमा जवाफदेहिताको अभावले नेपालमा दण्डहीनताको वातावरणलाई कायम राख्न मद्दत गरिरहेको छ" २०६३ माघमा नेपाल भ्रमण गर्नुभएकी संयुक्त राष्ट्रसङ्घीय मानवअधिकार उच्चायुक्त लुइस आर्बरले भन्नुभयो। "र दिगो शान्ति हासिल गर्नमा यो एउटा व्यवधान बन्न सक्ने खतरा रहेको छ।"

"मैना सुनुवारको घटनाले दण्डहीनताको वातावरण अन्त्य भइरहेको छ भन्ने सङ्केत दिन नेपाल सरकारलाई एउटा महत्त्वपूर्ण अवसर प्रदान गरेको छ" उहाँले थप्नुभयो। "उनको हत्याका जिम्मेवारहरूलाई गरिने सफल अभियोजनले कानुनी शासनलाई सबल बनाउनेछ र न्यायिक उपचार पाउने पीडितको अधिकारको पक्षपोषण गर्नेछ।"

वि.सं. २०६४ असोजमा नेपालको सर्वोच्च अदालतले अनुसन्धान गरी तीन महिनाभित्र अदालतमा प्रतिवेदन पेस गर्न प्रहरीलाई निर्देशन गऱ्यो। साथै माघ १७ गते जिल्ला सरकारी वकिलको कार्यालयले जिल्ला अदालत काभ्रेमा चारजना अभियुक्तको नामसहितको एउटा अभियोगपत्र दायर गऱ्यो। सो अदालतले त्यसपश्चात् अभियुक्तहरूलाई अदालतसमक्ष उपस्थित हुन समादेश जारी गऱ्यो।

आर्बरले यी घटनाक्रमलाई ध्यानमा राख्नुभएको छ, तर यस घटनामा न्याय दिने हो भने अझ धेरै कुरा गर्न बाँकी रहेकोमा जोड दिनुभएको छ। विशेषगरी, सेनाले चालु अनुसन्धानमा पूर्णरूपमा सहयोग गर्नु आवश्यक छ।

बेपत्ता पारिएका अन्य धेरैको स्थिति अझै अज्ञात छ। वि.सं. २०६४ जेठमा सर्वोच्च अदालतले बेपत्ता पार्ने कार्यसम्बन्धमा जाँचबुझ आयोग स्थापना गर्न तथा बलपूर्वक बेपत्ता पार्ने कार्यलाई अपराध ठहर गर्ने गरी एउटा कानुन बनाउन सरकारलाई आदेश दियो।

आर्बरले आफ्नो कार्यालयले अन्य राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मानवअधिकार निकायहरूसँगै पीडित तथा तिनका परिवारलाई अन्तर्राष्ट्रिय मापदण्डअनुरूप सत्य, न्याय तथा क्षतिपूर्ति उपलब्ध गराउने पहल गर्न सरकारलाई आग्रह गर्न जारी राख्नेछ भन्नुभयो।

For further information, contact Marty Logan at mlogan@ohchr.org, Tel: (+977-1) 428 0164, Ext 321 or (+977) 98510 16922 (mobile), website: http://nepal.ohchr.org